# ललितपुरका मल्ल राजाका

## ताडपत्र तमसुकहरू

*शङ्करमान राजवंशी*

यहाँ लोकप्रकाश मल्लको दुइटा, वीरनरसिंह मल्लको एउटा, ऋद्धिनरसिंह मल्लको एउटा तथा महीन्द्रसिंहको दुइटासमेत गरी जम्मा ६ ओटा ताडपत्र तमसुकहरू दिएको छु। यी ताडपत्रहरू राष्ट्रिय अभिलेखालयमा संग्रह भएका छन् । यो संग्रह वीरपुस्तकालय घण्टाघरमा हुँदा भएको हो। संग्रह भएका ती ताडपत्रहरूमध्येबाट छानबीन गरी केही ताडपत्रहरू प्राचीन नेपाल ४ अंक र ५ अंकमा पनि दिइसकेको छु। अहिले यहाँ दिइएका ताडपत्रमा पनि लेखनशैली पहिलेकैबमोजिम छन् । लिपि नेवारी छ । भाषा संस्कृत तथा नेवारी मिसिएको, अक्षरैपिच्छे भिन्नाभिन्नै डिको भएको, ताडपत्रको छेउमा माटोको छाप लगाइएको इत्यादि पूर्ववत् प्रकारका छन्। पत्रहरूको आकार प्रकारको नाप र पत्रमा रहेका माटोको छापको विवरण सहित प्रत्येक पत्रमा सामान्य परिचय यहाँ पनि पूर्ववत् दिएको छु । विषयैपिच्छे अन्त्यमा छोटकरी टिप्पणी दिइएको छ । अर्थ तथा विस्तृत व्याख्या पछि गरिनेछ ।

मल्लकालमा मानिसहरू लेनदेद व्यवहार गर्दा यस्तै किसिमले तमसुक लेख्दथे, सो तमसुकमा आफ्ना भरपर्दा मानिसलाई साक्षी राख्तथे । त्यसमा प्रामाणिकको लागि लाहाछाप लगाए झैं गरी पत्रको छेउमा माटोको छाप पनि लगाउने चलन छ । अहिलेको चलनअनुसार रजिष्ट्रेशन पास गरे जत्तिकै गरी त्यस वेला ती पत्रलाई प्रामाणिक मानिन्थ्यो । त्यसैले राजाले गरिदिएका पत्रमा प्रामाणिक को लागि राजाले आफ्ना उत्तराधिकारीलाई साक्षी राखी छेउमा माटोको छाप लगाइदिने चलन छ । यस्ता तमसुक पत्रहरूमा तिथि मिति लेख्ता प्रायः बार लेख्ने चलन देखिंदैन । इत्यादि कुरा यस्ता पत्रहरूले बताइरहेका छन् । यी पत्रबाट त्यस वेलाका राजाका उत्तराधिकारी राजज्योतिषीहरूका नाम थाहा पाइएका छन् । प्राचीन नेपाल ५ अंकको ३३ पृष्ठमा बताइएका राजाका उत्तराधिकारीहरूमध्ये बोध मल्ल कुह्मर पनि परेका छन् । ती बोध मल्ल कुह्मर इन्द्र मल्लका बाबु हुन् तिनको विशेष परिचय पूर्णिमा १४ अङ्कको १३९ पृष्ठमा हेर्नुहोस् ।

### लोकप्रकाश मल्ल

**वि. सं. १७६२ को**

*लम्बाइ २ फुट ५ इञ्च*
*चौडाइ ३/४ इञ्च*

यसमा माटोको बाटुलो छाप छ। छापको बीचमा कछुवाको मूर्ति छ। कछुवाको माथि श्री अङ्कित छ। श्री को दायाँ वायाँ चन्द्र अङ्कित छन्। यो पत्र राजा लोकप्रकाश मल्लले अमात्य राजाराम भारोलाई जग्गा बेची गरिदिएको हो। यसमा साक्षी इन्द्र मल्ल छन्। पत्र लेख्ने राजज्योतिषी महेन्द्रराज छन् यस पत्रमा बिक्रीविषयको कुरा छ। जग्गाको ४ किल्ला खुलाएको छ।

**मूल—**

(१) ॐ स्वस्ति ॥ श्री माणीग्लाधिपति श्रीश्रीजय लोकप्रकाश मल्लदेव प्रभु ठाकुरसन महापालचाकलु यत्तागृहनिवासी ग्राहक अमात्य राजाराम भारोनाम्ने

प्रसादीकृतं पाजन वातिका नाम प्रदेशे नदीसीमायाष्पश्चिमतः वदेजुयाओ वुङ्गदेव राम भावयाओ सीमाया उत्तरतः मालसिंह भावोया सीमाया पूर्व्वतः श्री श्री राजया भूमेण दक्षिणतः एतन्मध्ये तद्वातिका पञ्चवीसकर्षाङ्क कर्ष

(२) नीयङा २५ पुन अतर द्वपलंवु वातिका सार्द्धमेषकर्षाङ्ककर्ष छित्या १॥ भूय च्वाकनपा क्षेत्र पादाधिकमेक रोव छि १ जव छि १ सतुंग्ल हेला पुषुदि क्षेत्रमेकपादाङ्क जव छि १ यथा चतुराघाटेन परिवेष्ठितं एते वातिका क्षेत्राणां यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णपुष्प मालार्ध प्रढौकृत मोहोर टंका स्वश्ल गूय नसि त्या ३९२॥ आदाय स्वाधिना वर्त्तकं न्यायेन कृये विक्रुयेन प्रसादो कृता अत्र प

(३( त्रार्थे दृष्टसाक्षि श्री इन्द्र मल्ल थाकुरस सम्वत् ८२६ फाल्गुण शुक्ल दशम्यान्तिथौ श्री राजदैवज्ञ महेन्द्रराजेन लिखितं ॥ पुन भाषा धोलपु धलया लेख थ्वपाजन वुयात कायदो जुरो ॥ तत्मूल्यं ग्रयित्वा सिद्धपत्रं ॥शुभ॥

## वि.सं. १७६३ को

*लम्बाइ १ फुट ८ इञ्च*
*चौडाइ १९ इञ्च*

यसमा माटोको बाटुलो छाप छ । छापको बीचको कछुवाको मूर्ति अङ्कित छ । त्यसको माथि श्री अङ्कित छ । श्रीको दायाँ वायाँ चन्द्र अङ्कित छन् । यो पत्र राजा लोकप्रकाश मल्लले ब्राह्मण तुलारामलाई जग्गा बेची गरिदिएको हो । यसमा साक्षी इन्द्र मल्ल छन् । पत्र लेख्ने राजज्योतिषी मोतीराज छन् । यहाँ पनि जग्गाको चार किल्लाको विवरण तथा बिक्रीविषयका कुरा छन् ।

**मूल—**

(१) ॐ स्वस्ति ॥ श्री माणीग्लाधिपति श्री श्री जय लोकप्रकाश मल्ल देव प्रभु ठाकुर सन लौहो कोटखा ङवसि ताहावक्षेल गृहनिवासी ग्राहक विप्र श्री तुलाराम नाम्ने प्रसादीकृतं लखुता क्षेत्रे नाम प्रदेशे धलसीमाया पश्चिमतः श्री श्री राज्ञा क्षेत्रेणोत्तरतः धरओ मार्ग

(२) ओ सीमाया पूर्वतः कीर्तिपुरमिया ओ लोहो कोट खाया भुवनसिंह भारोयाओ द्वयो क्षेत्रेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र सप्तरोपनिकं रोव ह्नस ७ पुन पश्चिमदिशे खोचोयिता क्षेत्रम् त्रयरोपनिकं रोव स्वं ३ यथा चतुराघाटेन परिवेष्ठितं तत् लखुता क्षेत्रे यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णं पुष्प मालार्घ मोहोर

(३) टंका प्येश्ल ४०० आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रयविक्रयेन प्रसादारया कृता अत्र पत्रार्थे दृष्ट साक्षि श्री इन्द्र मल्ल थाकुरस सम्वत् ८२६ आश्विणी कृष्ण षष्टचान्तिथौ श्री राजदैवज्ञ मोतिराजेन लिखितं ॥

**टिप्पणी—**

वि. सं. १७६२ कार्तिक शुक्ल एकादशीको दिन पाटनका राजा योगनरेन्द्र मल्लको मृत्यु भएपछि योगनरेन्द्र मल्लका ठचाहा छोरा नहुनाले यी लोकप्रकाश मल्ललाई राजा बनाए । यी लोकप्रकाश योगनरेन्द्र मल्लकी छोरी योगमतीका छोरा हुन् यसको परिचय इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको १२८ पृष्ठमा हेर्नुहोस् । यी लोकप्रकाश मल्ल धेरै काल राजा हुन पाएनन् । राजा भएको लगभग १ वर्ष जत्तिमा यिनको मृत्यु भयो । यसपछि इन्द्र मल्ल राजा भए । लोकप्रकाशले आफूपछिको उत्तराधिकारी इन्द्र मल्ललाई बनाएका हुनाले उपर्युक्त दुवै पत्रमा लोकप्रकाशले इन्द्र मल्ललाई साक्षी राखेका हुन् । यी इन्द्र मल्ल योगनरेन्द्र मल्लकी दिदी मणिमतीका छोरा हुन् । यसको परिचय इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको ९८–९९ पृष्ठमा हेर्नुहोस् । उपर्युक्त दोस्रो पत्रबाट लोकप्रकाश मल्ल ने. सं. ८२६ (वि. सं. १७६३) आश्विण कृष्ण षष्ठीसम्म जीवितै रहेको कुरो प्रमाणित भएको छ ।

## वीरनरसिंह मल्ल

**वि. सं. १७६६ को**

*लम्बाइ १ फुट १½ इञ्च*
*चौडाइ ८ इञ्च*

यस पत्रमा अगाडिपट्टि लेख ४ पंक्ति छन् । पछाडि-पट्टि लेख १ पंक्ति छ । छेउमा बाटुलो माटोको छाप छ । छापको बीचमा खड्ग अङ्कित छ । सो खड्गको आसन गोहीको पीठ गरिएको छ । खड्गको दायाँ बायाँ श्री अङ्कित छन् । यो पत्र राजा वीरनरसिंह मल्लले भेलु भारोलाई खेत बेची गरिदिएको हो । यसमा साक्षी ऋद्धिनरसिंह मल्ल छन् । पत्र लेख्ने राजज्योतिषी महेन्द्र-राज छन् । यसमा पनि जग्गाको चार किल्ला र बिक्री विषयका कुरा छन् ।

**मूल—**

(१) ॐ स्वस्ति श्री माणीग्लाधिपति श्रीश्रीजयवीरनरसिंह मल्लदेव प्रभु ठाकुरसन पश्लछेलं यंतागृहनिवासी ग्राहक मेलु भारो नाम्ने प्रसादीकृतं तक्व वु क्षेत्र नाम प्रदेश चङसिया

(२) धोकह्मपनिसे क्षेत्रेण पश्चिमतः श्री ३ जतलं देवया क्षेत्रेणोत्तरतः धलसीमाया पूर्व्वतः मार्ग्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र पादाधिकम्त्रय रोपनिकं रोव स्वं ३ जव छि १ पु

(३) ह्न सखोवातिकाद्वयोकर्षाङ्ककर्षनसि २ यथा चतुरा-घाटेन परिवेष्ठितं एतौ द्वौ क्षेत्रौ यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ मोहोरटंका नेश्लनसि २०२ शुकि २ आ

(४) दाव स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादीकृता अत्र पत्रार्थे दृष्टसाक्षि श्रीऋद्धिनरसिंह मल्ल थाकुरस सं ८२९ वैशाष शुक्ल तृतीयायान्तिथौ श्रीराजदै

(५) वज्ञ महेन्द्रराजेन लिखितं ।। तत्मूल्यं प्रढौकयित्वा सिद्धपत्रं ।।शुभं ।।

**टिप्पणी—**

वि. सं. १७६६ चैत्र शुक्ल पूर्णिमाको राती पाटनका राजा इन्द्र मल्लको मृत्यु भएपछि राजगद्दीको नजीकका हकदार नभएकाले योगनरेन्द्र मल्लका भित्रिनी रानी राजेश्वरी देवीपट्टिका छोरा महीन्द्र मल्ल राजा बनाइएका थिए । यो कुरो इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको १००–१०१ पृष्ठ तथा पूर्णिमा १२ पूर्णाङ्कको ३२ पृष्ठमा हेर्नुहोस् । तर ललितपुरमा यिनताका राजसत्ता हात लगाउन भारदारहरूमा दाउपेच चलिरहेको थियो । त्यस कारण भारदारहरू मतभेद भई दुइ दलमा विभक्त हुन गएको बुझिन्छ । एक दलले महीन्द्र मल्ललाई राजा बनाए त अर्को दलले वीरनरसिंहलाई राजा बनाए । यी वीर-नरसिंह मल्लको ने. सं. ८२९ को टक पनि पाइएको छ (नेपाली मुद्रा सूची ११ पृष्ठ हेर्नुहोस्) । यी वीरनरसिंह कसका छोरा हुन्, को हुन्, यिनको परिचय थाहा हुन सकेको छैन । तर कान्तिपुरले महीन्द्र मल्ललाई समर्थन गरेकोले वीरनरसिंहपट्टिको दल आखिर टिक्न सकेन ।

## ऋद्धिनरसिंह मल्ल

**वि. सं. १७७३ को**

*लम्बाइ १ फुट ४ इञ्च*
*चौडाइ १ इञ्च*

यसमा मोटोको बाटुलो छाप छ । छापको बीचमा सानो बाटुलो घेरा छ । त्यस घेराभित्र सिंहको मूर्ति अङ्कित छ । घेराबाहिर चाहिं श्री ऋद्धिनर लेखिएको छ । सिंहको मूर्तिसहित गरी ऋद्धिनरसिंह भन्ने आफ्नो नाम पूरा गरेको छ । त्यसकारण सिंहको मूर्ति आफ्नो नामको पूरक देखाइएको छ । यसमा साक्षी वीरनरसिंह छन् । लेखक राजज्योतिषी जोगराज छन् । यो पत्र राजा ऋद्धिनरसिंहले पाटन महापालका अमात्य राजाराम भारोलाई जग्गा बेची गरिदिएको हो ।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमानिग्लाधिपति महाराजाधिज श्री-

श्रीजय वीर ऋद्धिनरसिंह मल्लदेव पुत्र थाकुरसन महापाल चाग्ल येतागृह निवाशि ग्राह अमात्ते राजाराम भारोस नाम्ने प्रसादीकृतं गोदादुलिक्षेलवाटिकानामप्रदेशे श्रीश्रीराजया क्षेलशिमाया पश्चिम

(३) त श्रीश्रीराजयाओ ललितसिंह भारोसव वाटिकाया उर्त्तरत ग्राहकस वाटिकायां पूर्व्वत स्वल्पनदीशिमाया दक्षिणतश्च एतन्मध्ये तद्वाटिका चारिश कर्षाङ्ककर्ष पीय ४० पुन फनपिगुको वाटिका वारहकर्षाङ्क कर्ष श्लनसि १२ नेचातरं जुरो पुन थंथ छे वातिका

(३) पश्चकर्षाङ्ककर्ष ङा ५ पुन पालाकशिको वाटिका द्वयो कर्षाङ्क कर्ष नसि २ पुन ध्वपागामवाटिका सार्द्धमेक कर्षाङ्क कर्ष छित्या १।। पुन तक्वयाख द्वयो जवाङ्क जव नसि २ यथा चतुलाघातेन पलिवेष्ठितं एते वाटिका यथा नगलकाप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमा

(४) रार्घप्रढौकृत मोहोरटंका स्वश्ल ङयषु ३५६ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीवीरनरसिंह थाकुलस सं. ८३६ आषाढ कृष्ण चतुर्थ्यान्तिथौ

(५) श्रीराजदैवज्ञ जोगराजेन लिखितं ।। वयिजाल धरव जोलषु धरया वलंख कायदु जुरो ।। भर्ण्णसुद्धकं दुन्त धुङ जुरो ।। शुभ ।।

**टिप्पणी—**

पाटनका राजा योगनरेन्द्र मल्लका ठचाहा छोरा नभएकाले योगनरेन्द्रपछि पाटनका विभिन्न थरी राजा भए। तिनमा योगनरेन्द्रका मठ्याहा छोरा महीन्द्र मल्लले पनि राजा हुने सौभाग्य पाएका थिए । ती महीन्द्र मल्लको मृत्युपछि वि. सं. १७७१ मा ऋद्धिनरसिंह मल्ल राजा भए । योगनरेन्द्र मल्लकी दिदी रुद्रमतीका छोरा रुद्रेन्द्र मल्लका छोरा यी ऋद्धिनरसिंह हुन्। यिनले वि. सं. १७७३ मा पाटन मूलचोकमा आफ्ना इष्टदेवतालाई सुनको तोरण चढाएका थिए (इतिहास–संशोधनको प्रमाणप्रमेय पहिलो भागको २६९–२७१ पृष्ठमा हेर्नुहोस्) ।

यस पत्रमा राजा ऋद्धिनरसिंहले दृष्ट साक्षी वीरनरसिंहलाई राखेका छन्। यी वीरनरसिंह उनै महीन्द्र मल्लका प्रतिद्वन्द्वी हुन् । यी वीरनरसिंहको कुरा माथिल्लो पत्रमा गइसकेको छ। यस पत्रबाट राजा ऋद्धिनरसिंहले आफूपछिको उत्तराधिकारी वीरनरसिंहलाई नै छानेका रहेछन् भन्ने बुझिन्छ । तर ऋद्धिनरसिंहपछि कान्तिपुरको राजा भास्कर मल्ल (महीन्द्रसिंह) पाटनको पनि राजा भएको देखिएको छ । तर ती वीरनरसिंह मल्ल ऋद्धिनरसिंहपछि फेरि राजा भएको देखिएको छैन ।

## महीन्द्रसिंह

**वि. सं. १७७७ को**

***लम्बाइ १ फुट २½ इञ्च***
***चौडाइ १¼ इञ्च***

यसमा माटोको बाटुलो छाप छ। छापको बीचमा सिंहको मूर्ति अङ्कित छ । छापको घेराभित्र श्रीमहीन्द्र लेखिएको छ। यहाँ पनि सिंहको मूर्तिसहित गरी महीन्द्र सिंह भन्ने आफ्नो नाम पूरा गरेको छ। यो पत्र राजा महीन्द्रसिंहले कान्तिपुरको वटुटोलमा बस्ने धर्मसिंह भावोलाई खेत बेची गरिदिएको हो। यसमा साक्षी जगज्जय मल्ल छन्। पत्र लेख्ने राजज्योतिषी कोटिराज छन्।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमाणीग्लाधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्रसिंहदेव प्रभु थाकुरसन श्रीकान्तिपुरिदेश वतुत्वाल वोहोलसिकोलं यौतागृह निवासि ग्राहक धर्म्मसिंह भावोनाम्ने प्रसादीकृतं ।।

(२) तेभुक्षेलदु क्षेत्रनामप्रदेशे ।। श्रीश्रीराज्ञाक्षेत्रात्पश्चिमतः दक्षिणतश्च माग्गेणोत्तरतः राजाराम भारोस क्षेत्रात्पूर्व्वतः एतन्मध्ये तत्क्षेत्र सार्द्धदशरोपनीकं रोव साह्लत्या १०।। भूय च्याका अफलपंचरो

(३) पनीक रोव ङा ५ भूय वितो द्वयो रोपनीकं रोवनसि २ भूय प्यंग्वडलुखा सार्द्धमेकरोपनीकं रोव छित्या १।। भूय द्वंओलमेकरोपनीकं रोव छि १ एते क्षेत्र यथा नगरकाल प्रवर्तमानेन सुवर्ण्ण पु

(४) ष्पमाला प्रढौकृत मोहोरटंका ङश्लपीयत्या ५४०।। आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादीकृता अत्र पत्रार्थे दृष्टसाक्षि श्रीजगत जय मल्ल थाकुर सं ८४० आश्विण शुद्धि ७ राजदैवज्ञ कोटिराज राजदैवज्ञ कोटिराजेन लिखितं ।।

**टिप्पणी —**

यी महीन्द्रसिंह कान्तिपुरका पनि राजा हुन् । यिनको नाम पहिले भास्कर मल्ल भन्ने थियो । यिनी-लाई हात्ती खेदा जाने ज्यादै सोख थियो । यिनले आफै तराइमा गएर हात्ती पक्रेर ल्याएका थिए । त्यसैले यिनले आफ्नो प्रशस्तिमा "स्वविक्रमोपार्तिगजपतिपद विराजमान श्री श्री जय महीन्द्रसिंहदेव" भनी लेख्न थाले । यस विषयको विस्तृत विवरण पूर्णिमा २ पूर्णाङ्कको ५५–६० पृष्ठमा हेर्नुहोस् । यिनको पालामा कान्तिपुर शक्तिशाली थियो । कान्तिपुरले भक्तपुरलाई हात लिइसकेको थिए । भक्तपुरले ललितपुरलाई बाटोघाटो खोलिदिनुपर्दा कान्तिपुरसंग नसोधी खोल्न पाउँदैनथ्यो (इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको ८६ पृष्ठमा हेर्नुहोस्) । त्यसो भएको हुनाले ललितपुरका राजा ऋद्धिनरसिंहको मृत्यु भएपछि यी महीन्द्रसिंहले ललितपुरलाई पनि आफ्नै कब्जामा लिएका थिए । ललितपुरको पनि राजा भएका हुनाले यिनले उपर्युक्त पत्रमा आफूलाई माणिग्लाधिपति भनी लेखेका हुन् । माणिग्ल भनी ललितपुरलाई भन्ने गरेको छ।

महीन्द्रसिंहको पहिलो पत्रमा कान्तिपुरको वटुटोलमा बस्ने धर्मसिंह भावोलाई राजा महीन्द्रसिंहले खेत बेचेको कुरो छ । यदि यी महीन्द्रसिंह कान्तिपुरको समेत राजा नभएका हुँदा हुन् त कान्तिपुरको वटुटोलमा बस्ने मानिसलाई खेत बेच्ने प्रयोजन हुँदैनथ्यो । यी महीन्द्रसिंहले आफूपछिको उत्तराधिकारी जगज्जय मल्ललाई छानेका हुनाले उपर्युक्त पत्रमा दृष्टसाक्षी जगज्जय मल्ल-कान्तिपुरको अन्तिम राजा जयप्रकाश मल्लका बाबु हुन् ।

## वि. सं. १७७९ को

***लम्बाइ १ फुट १ इञ्च***
***चौडाइ १¦ इञ्च***

यसमा माटोका छाप छ । छाप माथिकैबमोजिम छ। यो पत्र राजा महीन्द्रसिंहले ललितसिंह भारोलाई बारी बेची गरिदिएको हो। यसमा साक्षी जगज्जय मल्ल छन् । लेख्ने राजज्योतिषी कोटिराज छन् ।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमाणिग्लाधिपति महाराजाधिराज श्री श्री जयत जयति महीन्द्रसिंहदेवप्रभु थाकुरसन दथलाछलं येतागृह ललितसिंह भारोनाम्ने प्रसादी कृतं ।। घतक्ववातिका नाम प्रदेशे ।। स्वल्पनदीसिमाया पश्चिमतः

(२) श्रीराज्ञासिमाया पूर्व्वोत्तरतः दक्षिणतश्च एतन्मध्ये तद्वातिका दश कर्षाङ्क कर्ष साह्न १० भूय ग्वातक्व-वातिका अष्टकर्षाङ्क कर्ष च्या ८ तौं वातिका यथानगरकालप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर

(३) टंका ह्वयनसि ७२ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीणप्रसादारया जुरो अत्रपत्रार्थे दृष्टसाक्षि श्रीजगतजय मल्ल थाकुरस सं ८४२ आषाढ शुद्धि ८

-★-